# श्री खरुके पाखा सामुदायिक वन उपभोक्ता समूह

## सुन्दरबजार नगरपालिका-१,कुन्छा, खमारीबोट, लमजुङ

## स्थापित :२०५२

**विषय:** गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८२/११/२८

यस सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा सामुदायिक वनको खण्ड नं. १, ४ र ५ मा डि.व.का. लमजुङको च.नं. ११५२ मिति २०८२/१०/१२ को काठ दाउरा संकलन सहमति अनुसार वन ब्यबस्थापन कार्य गर्दा संकलन भई घाटगद्दीमा रहेको साल जातको गोलिया थान १४३ को ८०३.४७ क्यू.फि. गोलिया काठ समूहमा आन्तरिक खपत नभई बढी रहन गएको र सडिगली जाने हुनाले लिलाम बिक्रिं गर्नु परेकोले तपशिल बमोजिमको काठ जे जस्तो अवस्थामा छ सोही अबस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि समूहको मिति २०८२/११/१५ मा बसेको समूहको बैठकको निर्णय तथा डिभिजन वन कार्यालय लमजुङको च.नं. १४७८ मिति २०८२/११/२६ को-ब्यापारीक प्रयोजनका लागि वन पैदावर बिक्री वितरण गर्न दिईएको सहमती पत्र अनुसार लिलाम बिक्रिका लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक ब्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

१. वन पैदावारको विवरण:

**तपशिल**

| सि.नं. | लट नं. | प्रजाती | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम मूल्य मु.अ. कर बाहेक | कटान तथा लागत खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | १ | साल | गोलिया | A | ५ | ५६.५५ | ७०,६८७.५० /- | १,७२,७४६।०५ /- | घाटगद्दी: स्थान, सुन्दरबजार न.पा. १, खमारीबोट लमजङ । |
| | | | ,, | B | ६० | ४३६.९२ | ३,९३,२२८/- | | |
| | | | ,, | C | ७८ | ३१०.०० | १,८६,०००/- | | |
| | | साल जातको जम्मा | | | १४३ | ८०३.४७ | ६,४९,९१५.५०/- | | |
| | | | | | | | | | |
| कुल जम्मा | | | | | | | ६,४९,९१५.५०/- | १,७२,७४६।०५/- | |

२. वोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र समय तथा खोल्ने मिति रं समय:

क) वोलपत्र खरिद गर्ने मिति र समय: २०८२/११/२८ गते देखि २०८२/१२/१८ गते दिनको ४:०० वजे सम्म ।

ख) वोलपत्र पेश गर्ने मिति र समय: २०८२/१२/१९ गते दिनको १२:०० बजे सम्म ।

ग) वोल पत्र खोल्ने मिति र समय: २०८२/१२/१९ गते दिनको २:०० वजे उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट हुनेछ ।

३. वोलपत्र फारमको लागि रु. १,०००/- (एक हजार रुपैया मात्र पछि फिर्ता नहुने गरि) यस सामुदायिक वन उपभोक्ता समूहबाट र डिभिजन वन कार्यालय लमजुङबाट खरिद गर्न सकिने छ ।

४. लिलाममा भाग लिन ईच्छुक बोलपत्रदाताले स:मिल वा भेनियर उद्योग वा फर्निचर उद्योग दर्ता, नबिकरण तथा सुचिकृत प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, मूल्य अभिबृद्दि कर दर्ताको प्रमाण पत्र वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

५. वोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लि.सुन्दरबजार शाखा, लमजुङमा रहेको खाता नं. १५३००१०८०४५९३७००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।

पान नं.६१९१६६७६६

# श्री खरुके पाखा सामुदायिक वन उपभोक्ता समूह

सुन्दरबजार नगरपालिका-१,कुन्छा, खमारीबोट, लमजुङ

स्थापित :२०५२

६. रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/१२/१९ गते दिनको २:०० वजे सम्बन्धित बोलपत्रदाता वा निजको आधिकारकि प्रतिनिधि, सब डिभिजन वन कार्यालय र वडा स्थित अन्य सरकारी निकायको प्रतिनिधिको रोहवरमा खोलिने छ। बोलपत्रदाता उपस्थित नभएमा पनि टेन्डर खोल्न बाधा पर्ने छैन। उललेखित समय पछि आएका फारमलाई लिलाम बढाबढमा समाबेश गरिने छैन।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दि कर, संकलन खर्च तथा नियमानुसार लाग्ने अन्य सम्पूर्ण कर समेत बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधि भित्र आफनै खर्चमा उठाई लैजानु पर्ने छ।

८. बोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्ने छ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

९. बोलपत्र डिभिजन वन कार्यालय लमजुङ बेसीशहर र उपभोक्ता समुहको कार्यालयमा पेश गर्न सकिने छ। दुबै स्थानमा पेश भएका बोलपत्ररु खोल्ने स्थान खरुके पाखा सामुदायिक वन उपभोक्ता समूहको कार्यालय सुन्दरबजार न.पा.-१, खमारीबोट, लमजुङमा हुने छ।

१०. बोलपत्र सकार गरिएको रकम, संकलन खर्च, निर्धारित मू.अ.कर तथा नियमानुसार लाग्ने अन्य सम्पूर्ण कर निर्धारित समय भित्र दाखिला नगरेमा वा लिलाम सकारेको वन पैदावार लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको १० प्रतिशत रकम जफत गरि नियमानुसार दोश्रो हुने ब्यक्ति वा फर्मलाई धरौटी लिई उपरोक्त बमोजिमको शर्तहरुको अधिनमा रहि लिलाम सदर गरिने छ।

११. अन्य थप जानकारीको लागि समूहको कार्यालय र डिभिजन वन कार्यालय लमजुङमा सम्पर्क राखी बुझ्न सकिने छ।

१२. बोलपत्र सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समूहमा रहने छ।

१३. यसमा उल्लेखित कुनै बिषयमा कुरा बाझिएमा वा अस्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित कानुन

सम्पर्कको लागि: ९७४२४३२६५३

.................................

नारायण ब. शाही

अध्यक्ष